**सुदूरपश्चिम विश्वविद्यालय**

# कृषि विज्ञान संकाय, डीनको कार्यालय

**टीकापुर, कैलाली**

## कृषि विज्ञान संकाय प्रवेश परीक्षा/भर्ना निर्देशिका २०८२/०८३

यस कृषि विज्ञान संकाय, टीकापुर, कैलालीमा शैक्षिक सत्र २०८२/०८३ – २०८६/०८७ (चार वर्ष) का लागि कृषि विज्ञान संकाय स्नातक तह प्रथम वर्ष प्रथम सत्रान्तमा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि निम्नानुसार आवेदन फाराम आह्वान गरिन्छ ।

१. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० (एकसय) जना रहनेछ ।

२. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० जना मध्ये आरक्षित छात्रवृति कोटा २५%(पच्चिस प्रतिशत) रहनेछ ।

३. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ मा (विज्ञान/कृषि), तीन वर्षे कृषि तथा पशुविज्ञान डिप्लोमा, वन विज्ञान, इजिनियरिङ, वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अनिवार्य अंग्रेजी **(Compulsory English),** रसायनशास्त्र **(Chemistry),** जीवशास्त्र **(Biology)** र कम्तीमा पचास (५०) पूर्णाङ्कको गणित **(Mathematics)** एवं भौतिकशास्त्र **(Physics)** विषय अध्ययन गरी कुल प्राप्ताङ्कको पैतालिस प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा सो सरहमा **C Grade/ 2.0 GPA** प्राप्त गरेको हुनुपर्नेछ ।

४.प्रवेश परीक्षा शुल्क रु. २,५००।- (दुईहजार पाँचसय रुपयाँ मात्र) लाग्नेछ ।

५. एकभन्दा बढी आरक्षित कोटाको चाहना राखेमा प्रति कोटा थप रु. १,०००।-(एकहजार) का दरले अतिरिक्त शुल्क लाग्नेछ ।

६. आरक्षित कोटा छनौट गर्दा प्राथमिकताका आधारमा छनौट गर्नु पर्नेछ ।

### ७. Online / Offline प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद :

(क) मिति २०८२।०४।२५ गतेदेखि मिति २०८२।०५।२३ गतेसम्म ।

(ख) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैक लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको चल्ती हिसाब खाता नं. १०७००१०६५५३९२५००००० १ मा दाखिला गरेको सक्कल बैक भौचर वा मोवाइलवाट रकम पठाएमा प्राप्त हुने **Message pdf** फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम **website https://www.agriculture.fwu.edu.np** मार्फत **Online** वा **Offline** मा भरी पठाउनुपर्नेछ ।

(घ) **Online** मार्फत **Upload** भैसकेका प्रवेश परीक्षा आवेदन फारामहरु **रुजु** भैसकेपछि **Conformation Message** र प्रवेश पत्र सम्बन्धित विद्यार्थीको **Email** मा जाने भएकोले आफ्नो प्रवेश पत्र स्वयम् विद्यार्थीले नै प्रिन्ट गरी प्रवेश परीक्षा दिन आउँदा प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैक भौचर साथमा ल्याई आउनुपर्नेछ ।

(ङ) **प्रवेश परीक्षा आवेदन फाराम भर्दा Upload गर्नुपर्ने कागजातहरु :-**

- **SLC / SEE** का **Mark sheet र Certificates**
- १० + २ वा सो सरहको **Transcript, Provisional and Migration Certificates**
- छात्रवृतिको लागि आरक्षित कोटाको लागि सम्बन्धित निकायको सिफारिस ।
- नेपाली नागरिकता र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।
- सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो प्रमाणित हुने सम्बन्धित निकायको सिफारिस ।
- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता **(Equivalent Certificate )**।

(च) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

९. प्रवेश परीक्षा मिति २०८२।०६।०१ गते बुधवार बिहान ११:०० बजे स्कूल अफ एग्रीकल्चर, टीकापुर कैलालीमा सञ्चालन हुनेछ र नतिजा प्रकाशन **२०८२।०६।०२** गरिनेछ ।

१०. **<u>आरक्षित २५% छात्रवृत्तिको व्यवस्था</u>** :

सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, डीनको कार्यालयद्धारा प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ :-

(क) सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरुबाट १/१ गरी जम्मा ९ जना । सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ ।
(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला २ जना ।
(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष २ जना ।
(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थायी प्राध्यापक तथा कर्मचारीका श्रीमान्/श्रीमति/छोरा/छोरी मध्येबाट २ जना ।
(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी २ जना ।
(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित २ जना ।
(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति २ जना ।
(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानीय २ जना (टीकापुर न.पा., लम्कीचुहा न.पा. भजनी न.पा, जानकी गा.पा. र जोशिपुर गाउपालिका क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित पालिकाबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ ।
(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपाङ्ग १ जना ।
(ञ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना, सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)

११. प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ ।

१२. **SLC/SEE** १०% (दश प्रतिशत), १०+२ (विज्ञान/कृषि) वा तीन वर्षे कृषि डिप्लोमा १०% (दश प्रतिशत) र प्रवेश परीक्षाको ८०% (असी प्रतिशत) अङ्कभार कायम गरी योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

१३. प्रवेश परीक्षामा प्रमाणपत्र तहको Syllabus बमोजिम निम्नानुसारका अनिवार्य अंग्रेजी-१४, रसायनशास्त्र-१४, जीवशास्त्र-१५, बनस्पतिशास्त्र-१५, गणित-१४, भौतिकशास्त्र १४, कृषि तथा पशु विज्ञानका विषयहरु १० र सामान्य ज्ञानबाट-४ प्रश्नहरु समावेश गरिनेछ । साथै सबै प्रश्नहरु वस्तुगत हुनेछन् ।
प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्नहरु हुनेछन् जसका लागि १.३० घण्टा (डेढ घण्टाको) समय हुनेछ ।

१४. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि स्कूल अफ एग्रीकल्चरको टेलिफोन नं. ०९१-५६०२६५ वा Email: agriculture@fwu.edu.np वा dean.agriculture@fwu.edu.np मा सम्पर्क गरि सोध्न सकिन्छ ।

**नोटः आरक्षित कोटामा फाराम भर्दा प्रमाणको लागि आवश्यक कागजातहरु पनि सँगै पेश गर्नुपर्नेछ ।**

**प्रवेश परीक्षा संचालन तथा व्यवस्थापन समिति**